# पचालझरना गाउँपालिका

## छैटौ गाउँसभामाबाट पारित भएको आ.ब.२०७७/०७८ को निती तथा कार्यक्रमा

यतिबेला हामी कोरोना भाइरस (कोभिड-१९) को उच्च जोखिममा रही भय, त्रास र सन्त्रासबाट ग्रसित बनी संक्रमणबाट कसरी बच्ने र बचाउने भन्ने महान अभियानमा सामेल छौं । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट मानवजातिलाई बचाउनु आजको चुनौती भएकोले हामीले सम्पूर्ण शक्ति त्यसैमा संचालन र परिचालन गरिरहेका छौं । यस्तो बेला म छैटौ गाउँ सभालाई सम्बोधन गर्दैछु । तसर्थ आजको यस गाउँसभामा उपस्थित गाउँपालिका उपाध्यक्ष, वडा नं १ देखि ९ सम्मका वडा अध्यक्ष, कार्यपालिका सदस्य,सम्पुर्ण जनप्रतिनिधि शाथिहरु, सम्पुर्ण पत्रकार, सुरक्षाकर्मि,राष्टसेवक कर्मचारी लगाएत रेडियो सुनेर बस्नु भएका सम्पुर्ण जनसमुदायहरुमा एक मुस्ट न्यानो अभिवाद छ ।

नेपालको संविधान २०७२ को मर्म र भावनालाई आत्मशाथ गर्दै राष्ट्रिय स्वाधिनता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता, संघीय लोकतान्त्रिक गणतन्त्र, अग्रगामी रुपान्तरण र जनजीविकाको सवाललाई लिएर बिभिन्न समयमा भएका आन्दोलन, कान्ति, बिद्रोह, संघर्ष र दशवर्षे जनयुद्धमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै २००७ सालदेखि अहिलेसम्म भएका सम्पूर्ण संघर्षको नेतृत्व गर्ने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।साथै कालिकोट जिल्लाका राजनितिक नेतृत्व तथा संविधान सभा सदस्य आजै काठमाडौ जान लाग्दा धादिङमा जिव दुरघटनामा पर्नु भएर घाइते हुनु भएकाले स्वास्थ्य लाभको कामना गर्दछु । मानवजातिकै इतिहासमा अकल्पनीय र अकस्मात रुपमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसका बिरुद्ध लडेर हामीले युद्ध जित्नै पर्ने थप जिम्मेवारी हाम्रो काधमा सुम्पिएको छ । तसर्थ हामीले कोरोनाबाट आफू बच्ने र अरुलाई बचाउनका लागि हाम्रो स्रोत-साधन र क्षमताले संभव भएसम्मका सम्पूर्ण उपायहरु खोज्दै आवश्यक पहल, प्रयास र प्रयन्त जारी नै राखेका छौं । जब सम्म मानवजाति र हाम्रो समाजबाट कोरोना भाइरस समुलनष्ट नहुँदा सम्म हामी हाम्रा नागरिकको जीवन रक्षाका लागि संवेदनशील बन्दै अन्तिमसम्म लडिरहने प्रतिवद्धता व्यक्त गर्दछु ।

कोभिड-१९ महामारीले आज सिंगो देश अस्तव्यस्त बन्न पुगेको छ, यसको अन्त्य कहाँ गएर हुने हो यसै भन्न सकिने अवस्था छैन । सताब्दीकै भयानक यस संकटले हाम्रा इच्छा, आकांक्षा र चाहनालाई अनिश्चित बनाइरहेको मात्रै नभएर विश्वभर लाखौं मानिसको ज्यान समेत लिइसेको छ । लाखौं मानिस संक्रमित बन्न पुगेका छन भने लाखौंको संख्यामा सन्चो भएर घर फर्केका पनि छन । जहाँसम्म नेपाली नागरिकको कुरा छ, स्वदेश र विदेशमा गरी सयौले ज्यान गुमाइसकेका छन भने हजारौंको संख्यामा संक्रमित बनेको स्थिति छ । साथै उपचार पछि निको भएर संयौको संख्यामा घर फर्किएका छन । यस महामारीबाट ज्यान गुमाउने सम्पूर्ण मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु । उपचारार्थ रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई दिदीबहीनीहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

महमारीको जोखिमपूर्ण परिस्थितिको अग्रपङ्तीमा रहेर सेवा गर्ने सम्पूर्ण चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, सुरक्षाकर्मी, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी जनप्रतिनिधी र पत्रकारहरुको उच्च प्रशंसा गर्दै यस्तो बेला हामीलाई बिभिन्न प्रकारले सहयोग गर्ने, हौसला प्रदान गर्ने, प्रेरणा दिने सम्पूर्ण दिदीबहनी तथा दाजुभाईहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

महामारीलाई रोकथाम, नियन्त्रणका साथै उपचार कार्यमा योगदान पुर्याउने व्यक्ति, संघ-संस्था, संघ, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, बुद्धिजिवी, ससाजसेवी, निजी क्षेत्र र सहयोगी महानुभावहरुलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

मानिस स्वस्थ भयो भने मात्र सिङ्गो समाज स्वस्थ बन्न सक्छ । समाज स्वस्थ भयो भने, स्वस्थ प्रतिस्पर्धादिखि अन्य कियाकलाप पनि स्वस्थ ढंगले अगाडि बढ्न सक्छन । त्यसैले हामीले आज मात्र नभएर सधै स्वास्थ्यलाई पहिलो प्राथमितामा राखेर जानु पर्दछ । हरेक नागरिकले आफ्नो स्वास्थ्यको ख्याल आफै गर्नुपर्दछ । सरकारले त त्यसको नेतृत्व गर्ने मात्र हो । अभिभावत्व निर्वाह गर्ने हो । हरेक मानिसले स्वस्थ रहन खाने, लगाउने देखि शरीरलाई आराम दिनेसम्म सधै ख्याल गर्नुपर्दछ । यही कारणले हाम्रा अग्रज दार्शनिकहरुले ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरंजन त्यसै भनेका होइन् रहेछन। त्यसैले हामीले आफ्नो स्वास्थ्यलाई स्वस्थ राख्न रोगलाई लुकाएर होइन कि समय समयमा स्वास्थ्य परिक्षण गर्ने बानी बसाल्नु पर्दछ । हामीले हाम्रा नागरिकको स्वास्थ्यलाई पहिलो प्राथकितामा राख्दै यसै आ.व.बाट हरेक नागरिकले बर्षमा कम्तिमा दुई पटक स्वास्थ्य परिक्षण गर्ने नीति अबलम्बन गरेका छौं । यसमा पनि महिला, बृद्ध-बृद्धा, बालबालिका र दीर्घ रोगीलाई पहिलो प्राथमिकतामा राखेर हरेक महिनामा स्वास्थ्य अवस्थाको चेकजाच गरिने छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) लाई मध्यनजर गर्दै हामीले हाम्रा नागरिक जो देश विदेशमा बिभिन्न कामको सिलसिलामा गएका छन, उनीहरुको समस्याप्रति गम्भीर बन्दै घर आउन चाहनेहरुलाई उद्धार गरी ल्याएका छौं । ल्याएका मध्ये कतिपय अहिले पनि क्वारेन्टाइनमा त कतिपयलाई होम क्यारेन्टाइनमा बस्ने व्यवस्था मिलाएका छौं । आगामी दिनमा पनि महामारीको अवस्था हेरी ९ वटै वडामा बिषेश अभियान संचालन गरिनेछ ।

यो वर्ष सम्पन्न कामको हिसाबले सानातिना र वडा स्तरिय आयोजना पौषमै सम्पन्न भइसकेका थिए र ठुला र प्रदेश स्तरिय योजनाको अख्तियारी ढिलो हुनुले समयमै सम्पन्न गर्न समस्या भयो । पालीकामा सम्पन्न कामको अख्तियारी र योजना कार्यन्वयन हुदापनी औपचारीक सम्झौता र भुक्तनी फच्यौंट गर्न तत्कालीन नि.प्र.अ. छक्क बहादुर शाहीको अनीवार्य अवकास र समयमै प्रमुख प्रशासकीय अधिकृत नआउनु र सिनियर र जुनीयरको वहसमा कर्मचारी अन्तर विरोधमा लामो समय व्यवस्थित हुँदै चैत १० गते नि.प्र.अ. आगमनको सँगै कोरोना भाइरसको विश्व प्रभावले हाम्रो देशमा सुरु भएको लकडाउन ले कैयौ कामहरु अस्त वेस्तरुपमा व्यावस्थीत गर्नुपर्ने अवस्थामा आयो । केही गरौ र गर्नु पर्छ भन्ने तिव्र इच्छा जनप्रतिनीधीको विचमा हुदा हुदै पनी कर्मचारी अभाव हुनु बस्तु स्थितिले पैदा गरेको नयाँ महासंकट आकस्मिकरुपमा आइपर्नुले समस्या निम्तिएको हो । चाहेर पनि खुम्चिनु पर्ने अवस्थामा छौ ।

गाउँपालिकामा सुरुवात देखि नै राखिएको लक्ष्य **"समृद्ध पचालझरना, हाम्रो चाहाना"** लाई कार्यन्वयन गर्न हरेक हिसाबले अगाडी बढिरहेका छौ ।फेरि पनि यहि लक्ष्यमा रहेर यो वर्ष परिणाम मुखी र नतिजामुखी परिणाम निकाल्ने गरि अगाडी बढनु पर्दछ । तर्सथ समस्याहरुको खोजि गर्ने समाधान निकालि अगाडी बढनुको विकल्प छैन ।

गाउँपालिका लाई विकास निर्माणका हिसाबले मात्र नभई समुदायलाई सेवा दिने जिम्मेवारी पुरा गर्ने गरी समग्र भावी कार्यक्रमहरु तय गरीनु पर्दछ । भौगोलीक विकटताका साथै अन्य समग्र समस्याहरुका बावजुद पचालझरनाका साथै झरनै झरनाको गाउँपालिका एंव - पर्यटकीय गाउँपालिकाका रुपमा विकास गर्ने गरी अगाडी बढ्न जरुरी छ । पालिका भरी भौतीक पुर्वाधार र विकास निर्माण लाई निर्णायक वनाउने हिसावले राखीएका लक्ष्य अजुरुप यो वर्ष अन्तिम बर्ष पनि हो । यसलाइ कार्यन्वयनको वर्षको रुपमा वनाउन जरुरी छ ।

**१. आर्थिक विकास क्षेत्र**

गाउँपालिका लाई सुन्दर र समुन्नत समृद्ध वनाउनका निम्ती पहिलो आर्थिक आय आर्जन र आत्मनिर्भर नै मुख्य हो । हामीले राखिएका लक्ष्य अनुसार जिम्वारी पुरा गर्न सकिरहेका छैनौ । अथाह सम्पदाले भरीपुर्ण पालिका वन जंगल, जडीवुटी , गिट्टी, बालुवा, ढुङ्गाको खानी पर्यटनको विकास, श्रोत निर्माण, तरकारी फलफुल खेती, पशु पालन लघुउद्धम , सहकारी र समुहका माध्यमवाट गाउँपालिका लाई आत्मनिर्भर वनाउन सक्ने अवस्थामा छौ । तर पनी हामी संघिय सरकारको अनुदान पर्खेर वस्नु पर्ने वाध्यता छ । तसर्थ आगामी दिनमा आत्मनिर्भर गाउँपालिका वनाउने गरी कार्यक्रमको विकास गर्ने जरुरी छ । यो वर्षवाट थप चुनौतीहरु थपीएका छन् । आजको विषम परिस्थितिले रोजगारी गुमेका तथा वेरोजारहरुको पहिचान गरि रोजगारीको सिर्जना गरिने छ ।

**१.१. कृषि तथा पशु सेवा**

हामी किसान र किसानका छोरा छोरी हामी यसैमा गौरव गर्ने बानीको विकास गर्नुपर्दछ त्यसैले हावापानी अनुसार जुन माटोमा जे फल्छ त्यही अनुसार अन्नबाली न,गदे बाली, तरकारी खेति र फलफूल खेतीलाई व्यावस्थित गरिनेछ ।

1. यसै वर्षदेखि गाउँपालीका लाई अर्गानीक पालिकाको रुपमा विकास गरीनेछ ।
2. हाम्रो गाउँपालिकालाई तरकारी, फलफूल तथा मासु उत्पादनमा आत्मनिर्भर गराईने छ ।
3. कृर्षकहरुलाई पशुपंक्षी पालनमा होस् या फलफूल खेतीहरुमा सहुलियत ऋणको व्यावस्थापन गरिनेछ।
4. एक वडा एक उत्पादन केन्द्र र एक पालन समूह निर्माण गरी व्यवस्थित गरिनेछ ।
5. गत वर्ष बाट सुरु गरिएको गोठालो भत्तालाई बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाई निरन्तरता दिइने छ
6. पशु वस्तु बिरामी हुदा घरमै पुगेर सेवा प्रदान गरीनेछ ।
7. एक वडा एक उत्पादनको लक्ष्य राखेर फलफुल खेती तरकारी खेती लाई व्यवस्थीत गरीनेछ
8. संघ संस्था र सहकारीका माध्यमवाट गाउँपालिकाका विकास निर्माण देखी पालीका लाई वजेट केन्द्रीत गर्ने एक माध्यम रहेनेछ साथै कार्यन्वयमा एकद्वार प्रणाली नै हुने छ ।

**१.२.पर्यटन**

हाम्रो पालिकाको मुख्य आय आर्जन गर्ने भनेकै पर्यटन हो । तसर्थ भौतिक पूर्वाधारका हिसाबले पर्यटनलाई व्यवस्थापन अनिवार्य गर्न जरुरी रहेको छ ।

1. पर्यटन लाई व्यावस्थित गर्दै पचालझरना लाई आयश्रोतको मुख्य आधारको रुपमा विकास गरीने छ ।
2. यो वर्ष कार्यान्वयन गर्ने भनिएको ह्यातुङ झरना हुदै पर्यटन मन्त्रालय र पर्यटन वोर्ड सम्ममा पुगेर कार्यान्वयन गराउने सवाल वर्षको अन्तिममा कोरोनाको जटिलताले सम्भव भएन आगामी दिनमा अनिवार्यरुपमा सम्पन्न गरिनेछ ।
3. पचाल झरनामा होमस्टे को भवन निमार्ण कार्य सम्पन्न हुनुको शाथै ६०० बर्गमिटर रेलीङ सहितको पदमार्ग यसै आ.व. मा सम्पन्न हुने अन्तिम चरणमा छ।
4. व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरि पचालझरना होमस्टे लाई संन्चालन गरिने छ ।
5. धुल छहरामा झोलुङगे पुलको यसै आ.व. मा निर्माण कार्यको सुरुवात गरिने छ ।
6. होमस्टे देखि पचालझरना सम्म जानको लागि आगामी दिनमा ३ कि.मि. रेलिङ सहितको पदमार्ग निमार्णलाई निरन्तरता दिनका लागि सस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय संघिय सरकार र कर्णाली प्रदेशको पर्यटन मन्त्रालय सगँलाई आवश्यक पहल गरिने छ ।
7. पचालो देवताको मन्दिर निर्माण,बन्जीङ पुलको अध्ययन र भ्यु टावर निर्माण गर्ने सवाल लाई यही वर्ष डिपीआर तयार पारी अर्को वर्ष काम थालनी गर्ने गरी लगीनेछ ।
8. पचाझरनाको नजिकैको गाउँ खार्दु लाई पर्यटन तथा पाउना घरको रुपमा विकास गरीनेछ ।



पचालझरना गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय
कोट, कालिकोट

9. पंगेली दहको व्यावस्थापन पनी यही वर्षमा गरीनेछ ।
10. अन्य पालिका भरी रहेका पर्यटकीय स्थानहरुको पहिचान सहित भौतिक पुर्वाधार निर्माण कहाँ के गर्नु पर्ने हो प्राविधिक अध्ययन गरिने छ ।
11. निर्माणधिन अवस्थामा रहेको शहिद पार्क लाई कर्णाली करिडोरको किनारमा आकर्षणको केन्द्रकै रुपमा विकास गरीनेछ ।

**१.३.उद्योग तथा बाणिज्य**

1) स्थानीय वजार अनुगमनको सवाल लाई ध्यान दिदै खाध्यान्न भण्डारणका साथै सुपथ मुल्य पसल सञ्चालन गरीनेछ ।
2) व्यवसायकर कार्यविधी पारित गरि हरेक व्यावसायहरुको व्यवासाय दर्ता मार्फत डिजीटलाइन्जेसन गरि आवश्यक व्यवस्थापन गर्न अनुगमन र नियमन गरि प्रवन्ध गरिने छ ।
3) प्राविधिक शिक्षा संचालन भएका श्री सरस्वती मा वि भिट्टा र ज्ञानोदय मा.वि. राम्नाकोटलाई विशेष प्रथामिक्ता दिइने छ ।
4) पचालझरना मिनरलवाटर, घ्यूकुमारी प्रशोधन उद्योग, केतुकी प्रशोधन उद्योग, अर्गानीक जडीबुटी मसला उद्योग, जडीबुटी चिया उद्योग तथा स्याउ, डाले चुकको जुस उत्पादन गर्ने जस्ता उद्योग स्थापना गर्ने निजी क्षेत्र तथा संघस्थालाई प्रबर्धन गरिने छ ।

**१.४. सहकारी**

पालिकामा दर्ता भएका सहकारी संघ सस्थाको तथ्याङक अध्यावधिक गरि तालिम प्रशिक्षण दिइ उनिहरुसँग साझेदारीमा आय आर्जन रोजगारी सिर्जना गरी आर्थिक वृद्धि गर्ने गराउने गरी पालिकाको गरिबी निवारणमा सहयोग पुर्याउने व्यवस्था मिलाईने छ ।

**२ .सामाजिक विकास**

जनप्रतीनिधी र कर्मचारी अन्तर सम्बन्धीत भएर जनसमुदायको सेवा गर्ने नै मुख्य कर्तव्य हो । हामी समुदायको शासक होइनौ सेवक हौ भन्ने मान्यतालाई आत्मसाथ गर्दै सम्पुर्ण जिम्मेवारी पुरा गरीनु पर्दछ । आजको युगमा विश्व समुदाय नै एक मोबाइलको मेमोरीमा केन्द्रीत भएको छ । विश्वका कुनै पनी घटनाहरु एक सेकेन्ड मै संसार भरी प्रवाह हुने गर्दछन । जिवनयापन भोगाई र कर्तव्यहरु अव भौतीक हिसावले मात्रै सोचनीय भएन मावन विकास र समाज विकास सग जोडीने गरेको छ । आजको विकास भनेको भौतीक पुर्वाधारको विकास मात्र होइन । तसर्थ निर्माणका काममा केन्द्रीकृत हुदै सामाजिक विकासका कामकार्वाही अगाडी वढाउन जरुरी छ ।

**२.१. शिक्षा क्षेत्र**

शिक्षा राष्टको मेरुदण्ड हो मानव जातिको आखा हो तसर्थ शिक्षा क्षेत्रलाई व्यवस्थित र गुणस्तरिय नमूना योग्य बनाउदै जानु आजको आवश्यकता हो । हरेक विद्यालयमा ICT शिक्षा प्रणालीको व्यवस्था गरिने छ ।

1. विगत देखी उठाउदै आएको शिक्षक कर्मचारीको व्यवस्थापन गर्दै दरवन्दी मिलान र सरुवा कार्यन्वयन गरीनेछ ।
2. विद्यालयको अवस्था हेरी आवश्यकताको आधारमा भवन वितरण गर्दै सम्पन्न गरिने छ ।
3. विद्यालयका सम्पुर्ण भवन पक्की निर्माण गरिने छ ।
4. फिल्ड निर्माण शैक्षिक सामाग्री र पुस्तकालय लाई पहिलो प्रथामिकता दिदै मा वि सम्म अनुगमन र मुल्याङकनका आधारमा प्रोत्साहन गरिने छ ।
5. एक वडा एक मा.वि. स्थापना गर्ने लक्ष्य अनुसार वडा नं ६ को श्री जनप्रिय आ.वि. लाई कक्षा ९ थप र वडा नं ९ को लणकाटीयामा आवश्यक छफल गरि मा.वि तहसम्म पठनपाठनको लागि व्यवस्था गरिने छ ।
6. शुन्य दरबन्दी भएका विद्यालयहरुमा आवश्यक दरबन्दि थप गर्न पहल गरिने छ ।
7. पालिकाले सिर्जना गरेका बालविकास देखि माध्यमिक तहसम्मका दरबन्दीलाई निरन्तरता दिइने छ ।
8. पालिका स्तरमा स्नातक तह सम्म अध्ययनका लागि सामुदायिक क्याम्पस स्थापनाको लागि पहल गरिने छ ।
9. यसै वर्षमा साक्षरता गाउँपालिका घोषणा गरिने छ ।
10. यस वर्षमा भर्ना भएका विद्यार्थि मा वि तह सम्म अध्ययन पुरा गर्ने सुनिश्चित कदम चालिने छ ।
11. यसै वर्ष स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यन्वयन गरिने छ ।
12. कोभिड १९ नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लकडाउन गरि विद्यार्थिहरुको पठनपाठन अवरुद्ध भएका बैकल्पिक उपायबाट कक्षा संचालन गरिने छ ।

**२.२. स्वास्थ्य क्षेत्र**

स्वास्थ्य नै जिवन हो भन्ने नारालाई आत्मशाथ गर्दै समग्र स्वास्थ्य क्षेत्रमा भौतिक पुर्वाधार, औषधी र उपकरणमा कमि हुन दिइने छैन । विश्वमा महामारीको रुपमा कोभिड १९ लाइ प्रथामिक्तामा राखि समग्र स्वास्थ्य क्षेत्रको व्यवस्थापन गरिने छ । जसले भविष्यमा आइपर्ने मानवीय विपतीहरुको सजिलै सामना गर्न सकियोस ।

1) हामीले विगत वर्षबाटै माग गर्दै आएको १५ शैयाको अस्पताल आज थप अनिवार्य बन्दै गएको छ, प्रदेश र संघमा अनिवार्य कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ ।
2) जेष्ठनागरीक बालबालिका गर्भवत्ति सुत्केरी अपाङग नागरिकहरुलाई स्वास्थ्य तथा सरसफाईको पहुचमा ल्याउन विभिन्न किसिमका सामुदायिक स्वास्थ्य कार्यक्रम लागु गरिने छ ।

3) हाल फैलिएको को Covid -19 द्वारा स्वास्थ्यकर्मी को ज्यानमा तलमाथि केही हुन गएमा स्वास्थ्य कर्मी बिमा स्वरुप रु पाँच लाख उपलब्ध गराउने कार्यपालिका को निर्णयलाई कार्यान्वयन गरिनेछ ।

4) हाम्रो पालीकामा आजका दिनसम्म कोरोना भाइरसले कोही कसैलाई भेटेको छैन हामी खुसी हौ तर सचेत पनि बनौ फेरि पनि कहिँ कसैलाई नहोस् शान्तमनले कामना गरौं । यदी गर्दागर्दै समस्या आइलागे प्रतिरोध गरौ तरपनी यसवाट कसैको मृत्यु भइहालेछ भनेमा काजकिरीया खर्च स्वरुप रु २५ हजार रकम परिवारलाइ प्रदान गरिनेछ ।

5) वडा स्तरमा संचालन भएका आधारभुत स्वास्थ्य सेवा केन्द्र संञ्चालन भएका ६ वटा वडाहरुमा वर्थिङ सेन्टर स्थापना गरि दरबन्दी सहितको सेवा दिनको लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिने छ ।

6) ६ वटै सामुदायिक स्वास्थ्य केन्द्रहरुका लागि करार कार्यालय सहयोगीको भर्तिका लागि आवश्यक रकम बिनियोजन गरिने छ ।

7) हाल स्वास्थ्य क्षेत्रमा पालिकाले सिर्जना गरेका करार दरबन्दीलाई निरन्तरता दिइने छ ।

8) कोभिड १९ विपदले मानसपटलमा समेत असर गरेको हुदाँ मानसिक स्वास्थ्यको निम्ति योग सिविर संचालन गरिने छ ।

9) आयुरवेद स्वास्थ्य सेवालाई थप विस्तार गरिने छ ।

10) सबै स्वास्थ्य सस्था र विद्यालयमा योग, ध्यान, प्रणायाम बैकल्पिक चिकित्साको विषयमा जानकारी सिकाउन नेपाल भित्र कै योग प्रशिक्षक (योग गुरु) ल्याइ प्रशिक्षण दिलाइने छ ।

11) जडिबुटी, आयुर्वेदको विषयमा अध्ययन अनुसन्धान गर्न लगाई कम्तिमा २ (दुई) जनालाई पालिका स्तरको बौद्धको घोषणा गरि उनिहरुको सीप, क्षमता, योग्यता, अनुभवलाई उपयोगमा ल्याइने छ ।

12) १५ सैया अस्पताल संचालनार्थ १ जना मेडिकल अफिसर सहितको इमर्जेन्सि फार्मेसिक तथा ल्याव सेवालाई बिस्तार गर्न पहल गरिने छ ।

13) बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**२.३.खानेपानी तथा सरसफाइका सवाल**

हामी स्वस्य हुनु पहिलो शर्त हो स्वस्थ हुनका लागि सरसफाई मुख्य हो व्यक्तिगत सरसफाई होस् या सामुदायिक सबै हिसाबले सरसफाई अनिवार्य हो । को मान्छे कस्तो छ उसको सरसफाइ र घर आगन गाउँ घरका बाटाघाटा सरसफाई ले गाउँ घर देखी त्यो समाज कस्तो अवस्थामा रहेछ भन्ने पहिलो अनुमान समाजको चित्र देखाउँछ । **चिनियाँ** नेता माओ सेतुन ले भने झैं "म मेरो मुख नधुन पनि सक्छु एकजनाले भन्न सक्छ" । तर त्यो सवाल त्यसको नैतिकता संग जोडिने गर्दछ । र नैतिक विषय बनाउनु पर्दछ । हो आज हामी यहीं सवालमा उभिएका छौ । मेरो घरमा ट्वाइलेट नबनाउन सक्छु । अब कसैले भन्न सक्छ यो कुरा व्यक्तिको सवालमा मात्र रहेन समाजको सवाल हो तसर्थ , व्यक्ति सरसफाई युक्त हुन जरुरी छ । अब ढिलो नगरी यही वर्षको अन्तिम सम्म सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न समय तालिका निर्माण गरि कार्यान्वय गरिने छ ।

1. हरेक घरका जुठ्यना भाडा राख्ने च्याङदेखि टवाइलेट र बाथरुम व्यवस्थित गरिने छ ।
2. Covid-19 सँग जोडेर गरिएको साबुन वितरणले आम मानिस नियमित हात धोएर तथा खानेकुरा धोइपखाली मात्र खाने बानीको विकास गरेको छ ।
3. **"मेरो आगन मेरो पहिचान"** कार्यक्रम संचालन गरि गाउँपालिका भरिका सरसफाई युक्त वडा घोषणा गरिने छ ।
4. दीर्घकालीन रुपमा हरेक मानिस साबुन अनिवार्य पर्योग गर्ने भएका छन् । यो स्वस्फुर्त पैदा भएको चेतना हो । अव यसलाई दीर्घकालीन लक्ष्य सँग जोडेर लैजानु पर्दछ ।
5. निर्माणाधीन अवस्थामा भएका वडा नं १,२,४,६,७ र ८ हरुका खानेपानी यसै आ.व. मा सम्पन्न हुने प्रकृयामा छन वडा नं ९ को सम्पन्न भइ संचालनमा आइसकेको छ ।
6. वडा नं ३ र ५ को लागि एकघर एक धारा खानेपानी निर्माणको लागि यसै आ.व. मा संघिय सरकार तथा प्रदेश सरकार सगँ आवश्यक माग गरिने छ ।
7. अन्य साना टोल तथा बस्ति स्तरका खाने पानी आयोजना लेख र औलका विद्यालय स्वास्थ्य संस्थालाई खानेपानी जोड्न र सम्पन्न गर्ने लगायत अन्य सरकारी तथा गैरसरकारी संघ संस्था सगँ साझेदारी गर्दै सम्पन्न गरीने छ । मुख्य गरी नेपाल रेडक्र शोसाईटी, हुरन्डेक नेपाल र आशा नेपालसगँ पहल गरिने छ ।

**२.४. सस्कृति प्रवर्द्धन**

1) हाम्रो गाउँपालिका भरि लुकेर रहेका धार्मिक मठमन्दिहरु निर्माण गरि उचित प्रचारप्रसार गरिने छ ।

2) प्राचिन काल देखि चलि आएको कला संस्कृतिलाई संरक्षण तथा प्रवन्धन गरिने छ ।

3) दमाई समुदायको हुडके नाच तथा बाजाहरुलाइ लोभ हुन बाट बचाइ राख्न आवश्यक संरक्षण गरिने छ ।

**२.५.लैङगिक समानता तथा सामाजिक समावेशिकरण**

सामाजमा रहेका हालका समस्याले घेरिएका लक्षित वर्गमा पहिलो ग्राहयतामा रहेर काम कार्वाही सुचारु गरिने छ ।

1) राहत वितरण समस्या पर्दा सहयोगको कार्य लगायतका काम कारबाहीमा पहिलो आधार भनेको एकल महिला आर्थिक रुपले विपन्न जेष्ठ नागरिक, दलितलाई प्रथामिकता दिइने छ ।

2) छाउपडी मुक्त छुवाछुत मुक्त गाउँपालीका घोषणा प्रत्येक टोल वाट हुदै अर्को वर्षको असोज सम्म पालीका घोषणा गरीनेछ ।

3) सामाजिक सुरक्षा भत्ता वितरण प्रकृया यसै वर्ष वाट बैंक सेवा मार्फत वितरण गरिनेछ ।

4) आघिल्लो सालवाट सुरु गरीयको हरेक महिनाको १० गते जेष्ट नागरीकको घरमै स्वास्थ्य कर्मी पुगेर स्वास्थ्य चेकजाच गर्ने नितिलाई कडाइका साथ लागु गरीनेछ ।

**२.६. कर्मचारीको सवाल**

कर्मचारीतन्त्र दक्ष, सक्षम र सवल भयो भने पालिका समृद्ध हुने कुरा हो । तसर्थ देश जनता समुदाय प्रति बफादार हुँदै कर्तव्यनिष्ठ कर्मचारी विकास गर्ने प्रकृया कडाइका साथ लागु गरिने छ ।

विगतमा कर्मचारी नहुँदा थुप्रै समस्या का बाबजुद अगाडि बढीयो । अबका दिनमा सम्पूर्णलाइ व्यावस्थित गर्दै कर्मचारी कारण कुनैपनि काम ढिलो सुस्ती भयो भन्ने अवस्था पैदा नगरी सेवा सुचारु गराइनेछ ।

1. दरबन्दी तेरिज प्राप्तभइ लोकसेवा आयोगबाट पदपुर्ति भइसकेको अवस्थामा विगत देखि निरन्तरता दिँदै आएका कर्मचारीलाई धन्यावाद दिँदै हाम्रो आय श्रोतले धान्न नसक्ने भएकाले कम्तिमा एक खालको व्यवस्थापन खर्च सहित आवश्यकता हेरी विदाई गरिनेछ ।
2. पालिकाको सम्पुर्ण कर्मचारी व्यवस्थापनको लागि आवश्यक ओ.एण्ड.एम. तयार गरि पास गरिने छ ।

**२.७.जनप्रतीनीधिको सवाल**

हामी जनता का शासक होइनौ सेवक हौ भन्ने भनाई लाई व्यवहरत लागू गर्दै जिम्मेवारी वहन गरिनेछ ।

1) जनप्रतिनिधि र कर्मचारी एक अर्काको परिपूरक भनेर नङ र मासुको सम्बन्ध कायम गर्दै जिम्मेवारी पूरा गरिनेछ ।
2) तत्काल देखिएको विश्व महामारी र त्यसका लागि थालिएको जिम्मेवारीका सवालमा आम समुदायमा जनप्रतिनिधि नहुदाहुन त के हुदो हो विपदको घडीमा न सुति न खाइ दिन रात नभनि भुमिका निर्वाह गर्नुले थप विश्वास पैदा गरिदिएको छ । भने जनप्रतिनिधी भत्ता मात्र खान्छन भन्नेहरुलाई जवाफ भएको छ ।

**३ भौतिक पूर्वधारका सवालमा .**

परिवर्तन र विकासको व्यवहारिक अनुभूति गर्ने भनेकै भौतिक पुर्वधार हो । तसर्थ जतिसक्दो छिटो पालीका भरीका भौतिक पूर्वाधारका कामलाई व्यवस्थित गर्न जरुरी छ । अझ हाम्रो जस्तो भौगोलिक विकटता सुख्खा, खडेरी ग्रस्त पालिकामा यसको महत्व बेग्लै छ । तसर्थ जतिसक्दो सडक निर्माण सिंचाइ विधुत् र पुल निर्माण हुन जरुरी छ ।

**३.१. सडक तथा पुल**

1. यो बर्ष हरेक वडामा सडक निर्माण सम्पन्न गरिनेछ । विगत वर्षमा काटिएका सडकको स्तर उन्नती पनि सँगसँगै गरिनेछ ।
2. अन्तरपालिका जोडने सडक वडा नं १ को सिकु देखि जिमजेडी र वडा नं ३ को खार्दु हुदै तिलागुफा नगरपालिकाको नाग्मसम्म जोडने सडक वडा नं ५ को बाझँकोट हुदै पलाताको पारौटी जोडने सडक वडा नं ४ जारकोट हुदै पलाताको थिर्पु जोडने सडक वडा नं ९ को सर्का ठाटी हुदै लैफु जोडने सडकम व्यवस्थित गर्न प्रदेश सरकार समक्ष माग गरिने छ ।
3. भुजनथला तोलीभिड हुँदै लैफु जोड्ने सडकलाई पनि यसै वर्ष सुचारु गरिने छ ।
4. जारकोटमा मोटर पुलको बढि रहेको प्रकृयालाई छिटो छरितो रुपले गर्दै तत्काल ढिलो हुने स्थीतिमा घाट लाउने डुङगामा बेलीब्रिज निर्माणका लागि पहल गरिने छ ।
5. हामी हाम्रो पालिकाको बजेट वाट धेरै नयाँ सडक खन्य छैनौ पुरानो काटीएका सडकको रकम फच्यौंट र स्तर उन्नतीमै मुख्य जिम्वारी हुने छ ।
6. यो आ.व. मा अनिवार्य रुपमा पचालझरना सम्म पुग्नको लागि खार्दुगाउँ सम्म सडक निर्माण गरिने छ ।
7. वडा नं २ को गडखेतमा झोलुङगे पुल निर्माणको लागि यसै बर्ष सुरुवात हुने गरि पहल गरिने छ ।
8. राम्नाकोट बाझँकोटको गठेनी खोला, मयकोट र नानीकोटको मयगाड खोलामा झोलुङगे पुल निर्माणको लागि आवश्यक पहल गरिने छ ।

**३.२.उर्जा,लघु तथा साना जलविधुत बैकल्पिक उर्जा**

1. माथिल्लो लाफागाड जलविधुत आयोजनालाई प्रदेशबाट प्रक्रिया बढाउनका लागि पहल गरिनेछ । तल्लो जलविधुत आयोजनालाई व्यवस्थित गर्दै पालिका भरी विस्तारको निम्ति यसै वर्षबाट थालनी गरिनेछ ।
2. तल्लो लाफागाड जलविधुत आयोजना लाई व्यावस्थीत गर्दै पालीका विस्तारका निम्ती यसै वर्ष वाट थालनी गरीनेछ ।
3. हावाबाट बिजुली निकाल्ने प्रकृयाका लागि आवश्यक अध्ययन गरी पहल गरिने छ ।
4. विधुत विस्तारको नहुने बस्तिहरुमा बैकल्पिक उर्जाको व्यवस्थापनको लागि आवश्यक पहल गरिने छ ।
5. सम्पुर्ण वडा कार्यालय तथा सामुदायिक स्वास्थ्य केन्द्रहरुमा १ किलो वाट सम्मको सोलार जडानको लागि बैकल्पिक उर्जा प्रवद्ध केन्दसँग आवश्यक पहल गरिने ।
6. लिप्ट सिंचाई निर्माणको लागि आवश्यक पहल गरिने छ ।

**३.४.सिंचाई**

विश्व खाद्य अन्तर्गत काम गरी रहेका संस्था हुरएडेक र आसा नेपाल मार्फत साना सिचाई कुलोहरु व्यावस्थीत र पक्कि निर्माण गरीने छ शाथै भुगोल र पानीको अवस्था अनुसार पोखरी निर्माण गरीने छ ।

1. वृहत सिंचाई कुलो निर्माण गर्ने भन्दै आएको चुली पिठारा सिंचाई कुलो, कुलमुल खार्दु हुँदै राम्नाकोट सम्म कुलोको प्रावीधीक अध्यायन सहित प्रदेश र संघ सरकार मार्फत सम्पन्न गर्न यसै वर्ष थालनी गरीनेछ ।
2. तल्लो कोल्थ्ये शिचाई कुलो यसै वर्ष वाट काम सुचारु गर्ने गरी काम थालनी गरीने छ ।

### ३.५.भवन तथा सहरी विकास

1) गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगतको स्थानिय तह पुर्वाधार विकास कार्यक्रमसगँको साझेदारीमा निर्माण गर्न यसै आ.व. मा ४० प्रतिशत बजेट बिनियोजन गरि प्रकृया अगाडी बढाइने ।
2) वडा कार्यालयहरुको भवनको डीपिआर तयार भई सकेकाले निर्माणको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गरि आवश्यक पहल गरिने छ ।
3) खरको छानो मुक्त कार्यक्रमलाई निरन्तरता दिदै यसै आ व मा अन्य वडाहरुमा पनि विस्तार गरिने छ ।
4) जोखियुक्त तथा छरिएर रहेको बस्तिहरुलाई व्यवस्थित गर्न एकिकृत वस्ती विकासको कार्यक्रम लाई जोड दिइनेछ ।
5) एक वडा एक हेलिप्याड निर्माण गर्न प्रदेश सरकार सगँ आवश्यक पहल गरिने छ ।
6) गरिबीको रेखामुनी रहेका , विपन्न तथा दैविक प्रकोपका कारण घरबार विहिन भएका घरपरिवारको सुरक्षित आवास निर्माणको लागि संघिय सरकारको भौतिक पुर्वाधार मन्त्रालय अन्तर्गको सघन शहरी तथा भवन निर्माण आयोजना मार्फत नागरिकहरुको घरहरु निर्माण गर्न पत्रचार गरि आवश्यक पहल गरिने छ ।

### ४. वातावरणा तथा विपद व्यवस्थापन वारे

विपद वाजा वजायर आउदैन आकस्मीकतामा आउने हो ।भवितव्य जहीवेला जसलाई पनी पर्न सक्छ । सवै हिसावले तयारी अवस्थामा रहनु हामी सवैको कर्तव्य हो । हाम्रो जस्तो सुख्खा खडेरी ग्रस्त पालीका नाङ्गाडाँडा काँडा भिरपहरा भएको स्थान एकदमै जोखीम हुने गर्दछ । यसर्थ हामी सवै तयारीमा रहनुनै पहिलो कर्तव्य हो । थप यतीवेला आएको विश्व महामारीले नयाँ शिक्षानै दिएको छ । धनीगरीव सानो ठुला कसैलाई पनी छुट हुदैन यसर्थ पुर्व तयारी नै मुख्य हो भन्ने शन्देष दिएको छ । विगतमा यो स्केलको आकलन नगर्दा तयारी र व्यावस्थापनमा जटीलताहरु आए आगामी दिनहरुमा सम्पुर्ण विषयमा ख्याल पुर्‍याउनु पर्ने भएकोछ ।

1. भुक्षय बाडी पहिरोको जोखीमको नियन्तण गर्न वन जंगल बृक्षारोपण हरेक परिवारले एक महिना अनीवार्य बृक्षा रोपणको काममा – लाग्नु पर्ने छ । उनीहरुको कामको प्रावीधिक मुल्याङ्कलनको आधारमा रकम भुक्तानी गरिनेछ ।
2. पणेक्षामा निर्माण गरीएको हाइटेक नर्सरी लाई व्यावस्थीत गर्दै चौकीदारको सिमित तलव भत्ता र वाकी उसको काम र विरुवा उद्पादन वाट रकम व्यहोरीने छ ।
3. पालीका भरी डडेलो लगाउन निषेध गर्दागर्दै पनी लगाई रहेकोले ति व्याक्तीको पहिचान गरी कार्वाहीको दायारामा ल्याइनेछ ।
4. बाढी पहिरोको उच्च जोखीम रहेका पालीकाका निस्चित स्थापनमा पहिरो रोकथाम कर्णाली नदीले गरेको कटान रोकथाम अन्य खोलानालामा हुने पहिरो रोकथाम गर्दै जाली तट्बन्ध गरीनेछ ।
5. वनजंगलको संरक्षण गर्दै वन्य जन्तुको संरक्षण पनी उत्तीकै महत्व रहेको छ । विश्वमै लोपउन्मुख रहेको रेडपान्डो संरक्षणाका लागी विषेश योजना ल्याइने छ ।

#### ४.१. जलबायू परिवर्तन

1. जलबायू जन्य प्रकोपबाट प्रभावित उच्च जोखिममा रहेका व्यक्तिहरुलाई अनुकुलन क्षमता विकास गर्दै जिविकोपार्जन सुधारका लागि व्यवसायिक सीप विकास तालिमा संचालन गरिने छ ।
2. कोभिड १९ को कारण स्वदेश तथा विदेशबाट रोजगारी गुमाएर घर फर्किएका व्यक्तिलाई रोजगारी सिर्जनाका लागि साझेदार निकायहरुसगँ समन्वय गरि रोजगार मुखी तालिम संचालन गरिने छ ।
3. स्थानीय सरकार, संघिय सरकार, प्रदेश सरकार र दातृ निकायबाट निर्माण भएका भौतिक पुर्वधारहरु, सिंचाई कुलो, कृषि सडक र भवनलाई जिविकोपार्जन सगँ जोडदै उन्नत विऊ बिजन, फलफूल, पशु पंक्षि होटेल जस्ता व्यवसाय विस्तार गरिने छ ।
4. स्थानीय स्तरमा उपलब्ध दक्ष जनशक्ति,स्थानीय स्रोत साधन, स्थानीय जनताको पहिचान गर्दै मागेका आधारमा स्थानीय अनुकुलनका भौतिक निर्माण र उद्यम व्यवसाय संचालन गरिने छ ।

### ४.२. संस्थागत विकास सेवा प्रवाह

संस्थागत विकास र सेवा प्रवाह गर्ने सवालमा अगाडी नै जनप्रतिनीधी र कर्मचारीले पुरागर्नु पर्ने सेवा प्रवाहका सवालमा मैले भनी सकेको छु । मुख्य जिम्वारी भनेकै जनताको सेवा गर्नु हो र छिटो छरितो सहज र सरल तरीकाले अगाडी वढ्न जरुरी छ ।

- संथालाई उच्च राख्न दिनरातनभनी आफ्नो जिम्वारी पुरा गर्ने कर्मचारी लाई सम्मान गरीनेछ । भने जिम्मा पुरा नगर्ने लाई दण्ड सजायको पनी व्यवस्था गरीनेछ ।
- जनप्रतीनिधी र कर्मचारीहरुको विचमा सेवा दिने र दक्षता हासील विज्ञहरुको उपस्थीती गराई तालीम संचालन गरीनेछ ।
- न्याय पालीकाका कामलाई व्यावस्थीत गर्दै भरपुर न्यायलयको विस्वस्थ आधार तयार गरीनेछ ।
- हाम्रो पालिकाबाट इन्जिनियरिङ तथा चिकित्सा शिक्षा अध्ययन गर्ने ज्यान्दार तथा विपन्न विद्यार्थिलाइ छात्रवृतिमा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।
- लोक सेवा पास गरि निजामति सेवामा प्रवेश गर्न चाहने गरिब, विपन्न तथा जेहेन्दार हाम्रो पालिकाको विद्याथीहरुको लागि तयारी कक्षाको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

### ५. विविध

आज विश्वभरी महामारीको रुपमा फैलीएको Covid -19 ले विश्वनै आर्थीक मन्दीमा एक पछी अर्को फस्दै गएको छ । विदेश तथा देशका विभिन्न शहरमा रोजगारिको सिलसिलामा गएका सयौ वेरोजार भएर घरमा भित्रिएका छन । गाउँमा रहेका पहिले देखी वढी वेरोजगारहरु छदैछन । तसर्थ हरेक वडाले कम्तिमा १ सय जनाको निर्माण कार्यदल निर्माण गरी सम्पुर्ण पालीका स्थरमा एक हजार जनाको निर्माण कार्यदल निर्माण गरेर हरेक वडामा निर्माण कार्यदल लाई जिम्वा दिएर आयोजनाहरु सम्पन्न गरीनेछ ।

1) यही वर्षमा जिते वाट पालीका आउन समुदायलाई परेको दुख पिडा र सास्थी लाई ध्यान दिदै मिनि वस सेवा पचाझरना साझा यातायात संचालन गरीनेछ ।
2) संचार र नेटवर्कीङको सवालमा पालीका भरी व्यवस्थीत गरीनेछ ।
3) रष्ट्रिक स्टोर र सेलार स्टोर निर्माण कार्य सम्पन्न भइसकेकाले यसको संचालन संरक्षणको लागि आवश्यक चौकिदार व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।
4) उच्चा शिक्षामा अध्ययनरत विद्यार्थिहरुलाई आधारभूत पत्रकारीता तालिम प्रदान गरिने छ ।
5) पचालझरनाको प्रचारप्रसार, स्थानीय उत्पादनलाई महत्व दिने जनचेतनामुलक सन्देश, गीति कथा, देउडा गीतहरुको कार्यक्रमलाई समेटीने छ ।
6) आवश्यकता अनुसारका ऐन, निर्देशिका र कार्यविधि तयार गरि पालिकाको काम कार्वाहीलाई चुस्त र दुरुस्त बनाइने छ ।
7) योजना, राजश्व, दर्ता चालानी र जिन्सिका डाटारुलाई डिजिटलाइजेसन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।
8) राज्यलाई कर तिर्ने र राज्य प्रति उत्तरदायित्व हुन सवाल लाई समुदायलाई बुझाउदै व्यावस्थीत वनाइने छ ।
9) ४० लाख भन्दा माथिका आयोजनाहरु अनिवार्य रुपमा ठेक्का प्रक्रिया मार्फत निर्माण गरिने छ ।
10) उपभोक्ता समिति मार्फत हुने कामहरुको रकमको भुक्तानी कामदारहरुको बैंक मार्फत गरिने छ ।
11) जनआन्दोलन तथा जनयुद्धका घाइते अपाङगहरुलाइ राहत तथा उपचार गरिने छ ।
12) पालीकामा रहेका सम्पुर्ण समुदायको जिवन विमा कार्यक्रम मार्फत जिवन विमा गरीनेछ ।

अन्त्यमा गाउँपालिकाको समग्र विकासमा साथ दिने सहयोग गर्ने र योगदान गर्ने राजनितीक दल निजी क्षेत्र सञ्चार जगत नागरिक अगुवा समाज सेवी, राष्ट्र सेवक कर्मचारी,पत्रकार,सुरक्षा कर्मि, श्रमिक वर्ग,शिक्षक बुद्धिजिवी लगाएत सम्पुर्ण आमाबुवा, दिदीबहिनि तथा दाजुभाइहरुमा न्योनो अभिवाद सहित धन्यवाद ।

धन्यावाद ।

**प्रस्तोता**
खडगराज सेजुवाल
गाउँपालिका अध्यक्ष